# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, साउन १३ गते २०६२ साल (अतिरिक्ताङ्क २७(ख)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बुद्धिराज बज्राचार्य श्रीलंकामा आयोजना हुने सार्क पर्यटन मन्त्रीहरूको मन्त्रीस्तरीय सम्मेलनमा भाग लिन २०६२ साउन १३ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार माननीय सामान्य प्रशासन मन्त्री श्री कृष्णलाल थकालीले सम्हाल्नु हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट नेपालको प्रधान न्यायाधीश पदमा नियुक्तिको लागि सिफारिस गर्ने संवैधानिक परिषद्का सदस्य प्रधान न्यायाधीशलाई संवैधानिक परिषद्को बैठकको अध्यक्षता गर्न नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम आदेश जारी गरिबक्सी तोकिबक्सेको छ ।

हुकुम बक्सेबमोजिम,
मो. सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।